# मेचीनगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय, ईटाभट्टा
## झापा जिल्ला, प्रदेश नं. १, नेपाल
# Mechinagar Municipality
## Office of the Municipal Executive, Itabhatta Jhapa District,
## Province No. 1, Nepal

प. सं. : २०७७।०७८ (क. प्र. शाखा)

च. नं. : ४२६

अत्यन्त जरुरी

मिति : २०७७/०५/२१

लेखाअधिकृत श्री पदमबहादुर कार्की,
अधिकृतस्तर आठौं तह
मेचीनगर नगर कार्यपालिकाको कार्यालय, झापा ।

विषय : **समायोजन ऐनमा व्यवस्था नभएको भुक्तानी लिएको ग्रेड रकम दाखिला गर्ने** ।

प्रस्तुत विषयमा कर्मचारी समायोजन ऐन, २०७५ को दफा ७ अनुसार यस नगरपालिकाको कार्यालयमा नेपाल सरकारको विभिन्न मितिको निर्णयबाट समायोजन गएिका कर्मचारीहरुको यस कार्यालयबाट भुक्तानी भइरहेको तलब बृद्धि (ग्रेड) सम्बन्धमा ऐनको दफा ७ (४) मा उल्लिखित तालिका अनुसार **समायोजन हुँदा कायम हुने ग्रेड** महलमा ग्रेड नपाउने व्यवस्था तहमा समायोजन भएको कर्मचारीहरुको भुक्तानी भइरहेको ग्रेड उपदफा (५), (६), (७) र (८) मा भएको व्यवस्थाअनुसार तथा नेपाल सरकार, अर्थ मन्त्रालय, बजेट तथा कार्यक्रम महाशाखाको च. नं. ११, मिति २०७६।०४।१९ को पत्रानुसार भुक्तानी भइरहेको नदेखिएकोले सरकारी सेवाबाट समायोजन भएका सबै कर्मचारीहरुको हाल भुक्तानी भइरहेको ग्रेड कानुनसम्मत छ भन्ने कानुनी आधारहरुसहित पत्र प्राप्त भएको मितिले ७ (सात) दिनभित्र कार्यालयमा अनिवार्यरुपमा मनासिव राय, प्रतिक्रिया पेश गर्नुहुन र भुक्तानी हुन नमिल्ने ग्रेड रकम भुलबस भुक्तानी भएको देखिएमा हालसम्म भुक्तानी भएको फरक ग्रेड रकमको व्यहोरा पछिसम्म फरक नपर्ने गरी नगरपालिकाको सञ्चित कोष खाताअन्तर्गतको खर्च खाताबाट भुक्तानी पाउने सम्बन्धित कर्मचारीहरुबाट असुलउपर गरी नगरपालिकाको सञ्चित कोष खातामा र वित्तीय हस्तान्तरण अन्तर्गत सशर्त अनुदानबाट तलबभत्ता भुक्तानी लिने कर्मचारीको हकमा सङ्घीय सञ्चित खातामा बढी भुक्तानी भएको रकम एकिन गरी अविलम्ब दाखिला हुने व्यवस्था मिलाउनुहुन, साथै अन्य सेवाबाट समायोजन भई यस कार्यालयबाट तलब भत्ता भुक्तानी गरिएको सबै स्थायी कर्मचारीहरुको समेत पछिल्लो पटक नेपाल सरकारबाट ग्रेड समायोजन भएअनुसार ग्रेड रकम भुक्तानी भए नभएको एकिन गरी तलबभत्ता भुक्तानी कार्य नियमसंगत भएको सुनिश्चित हुने गरी उच्च प्राथमिकता दिई आवश्यक व्यवस्था मिलाउनुहुन यस कार्यालयको च. नं. ५०११, मिति २०७७।०३।२८ र च. नं. २८८, मिति २०७७।०४।२६ को पत्रमार्फत् राय, प्रतिक्रिया पेश गर्न भनिएकोमा तपाईंले मिति २०७७।०४।२७ गतेका दिन पेश गरेको रायमा **समायोजन ऐनले ५ वर्षभन्दा बढी सेवा अवधि भएका कर्मचारीलाई समायोजन गर्दा साविकमा खाईपाई आएको ग्रेड नदिने भन्ने कहिँ कतै नलेखिएको लगायत व्यहोरा**को रायमा कार्यालयको ध्यानाकृष्ट हुन नसकेको र यसरी सुविधा लिने कर्मचारी तपाईं स्वयम् समेत भएको सन्दर्भमा समायोजन हुनुपूर्वको पदको साविक ग्रेड संख्या अनुसार नै हालको पदको तलब अनुसार ग्रेड रकम लिने व्यवस्था समायोजन ऐनको कहिँ कतै स्पष्ट व्यवस्था रहेको नदेखिएको अवस्थामा सार्वजनिक कोषमा हानी पुग्ने गरी कार्यालय प्रमुखलाई समेत गुमराहमा पारी आर्थिक प्रशासन शाखा प्रमुखको जिम्मेवारीमा रहेको तपाईं लगायतलाई बढी भुक्तानी भएको रकम शीघ्रातिशीघ्र यस कार्यालयको आन्तरिक लेखापरीक्षण शाखाबाट एकिन गरीगराई तोकिएको सञ्चित कोष खातामा दाखिला गर्नुगराउनुहुन यो तेश्रो पटक ताकेता गरिएको छ । स्पष्ट आधार नभई उल्लिखित निर्देशनलाई बेवास्ता गरी तपाईं लगायतले बढी भुक्तानी लिएको रकम दाखिला नगरेमा सोको जवाफदेहीता तपाईं स्वयम्मा रहने व्यहोरा समेत यसै पत्रबाट जानकारी लिनुहुन र अब उप्रान्त यस प्रकारको कार्य नगर्न नगराउन सजग गराएको छु । साथै २०७७ साल साउन १ गतेदेखिको तलब भत्ता भुक्तानी गर्ने सन्दर्भमा यस नगर कार्यपालिकाको मिति २०७७।०४।२६ गतेको निर्णयानुसार यस कार्यालयको आन्तरिक लेखापरीक्षण शाखाबाट तलबी प्रतिवेदन पारित भएपछि मात्र भुक्तानीको आवश्यक व्यवस्था मिलाउनुहुन समेत यसै पत्रमार्फत् पुनः जानकारी गराएको छु ।

.............................................
( महेन्द्रकुमार खाम्याहाङ्ग )
**प्रमुख प्रशासकीय अधिकृत**

**बोधार्थ**

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, आर्थिक प्र. शाखा, सिंहदरबार, काठमाडौं
श्री महालेखा नियन्त्रक कार्यालय, अनामनगर, काठमाडौं : ध्यानाकर्षणको लागि अनुरोध छ ।
श्री कोष तथा लेखा नियन्त्रकको कार्यालय, झापा ।
श्रीमान् प्रमुखज्यू, मेचीनगर नगर कार्यपालिका, झापा ।
श्रीमान् उपप्रमुखज्यू, मेचीनगर नगर कार्यपालिका, झापा ।
श्री आन्तरिक लेखापरीक्षण शाखा, मेचीनगर नगर कार्यपालिकाको कार्यालय, झापा : उक्तानुसार हुन ।
श्री सबै शाखाहरु, मेचीनगर नगर कार्यपालिकाको कार्यालय, झापा : शाखाअन्तर्गतका कर्मचारीहरुले यस खालको रकम भुक्तानी लिए खाएको भए आर्थिक प्रशासन शाखामा सम्पर्क गरी फछ्र्यौट हुने व्यवस्था हुन ।
श्री आ. प्र. शाखा, मेचीनगर नगर कार्यपालिकाको कार्यालय, झापा ।

श्री मान् प्रमुख प्रशासकीय अधिकृत ज्यु

मेचीनगर नगरपालिका झापा ।

विषय : राय पेश गरेको वारे ।

महोदय,

उपरोक्त सम्वन्धमा कर्मचरी समायोज ऐन २०७५ वमोजिम सरकारी सेवामा श्रेणीगत रुपमा रहेका कर्मचारीहरुलाई प्रदेश तथा स्थानीय तहमा समायोजन गर्दा कर्मचारीको सेवा अवधिको आधारमा ५ वर्ष भन्दा कम सेवा अवधि र ५ वर्ष भन्दा वढी सेवा अवधि लाइ आधारमानी समान तहमा समायोजन गर्ने व्यवस्था भई ५ वर्ष भन्दा कम सेवा अवधि भएकालाई सावीकमा खाएको ग्रेड संख्यामा २(ग्रेड) थप गरी , ५ वर्ष भन्दा वढी सेवा अवधि भएकालाई खाइपाई आएको ग्रेड संख्यामा थप वृदी नगर्ने गरी समायोजन गर्ने व्यवस्था भएको(समायोजन ऐन २०७५ को दफा ७(४) ) साथै समायोजन ऐनले ५ वर्ष भन्दा वढी सेवा अवधि भएका कर्मचारीलाई समायोजन गर्दा सावीकमा खाईपाई आएको ग्रेड नदिने भन्ने कहिकतै नलेखीएको ,समान तहमा समायोजन भएको अवस्था भएको कारण प्राकृतीक न्यायको सिदान्त वमोजिम पनि समान तहमा समायोजन भएको कर्मचारीको खाईपाई आएको ग्रेड संख्या नघटने र समायोजन हुदा समायोजन भएको तहको पदमा पाउने अधिकतम ग्रेड भन्दा नगरपालिकामा समायोजन भई आउने कुनै पनि कर्मचारीलाई भुक्तानी समेत नदिएको, श्री मान् लाई प्रचलित कानुनको व्यवस्था वमोजिम सावीक बमोजिमको ग्रेड नपाउने भन्ने लागेको भए तलव भुक्तानी खर्च लेख्दाकै अवस्थामा यसवारे थप कानुनी स्पष्टताका लागी सम्वन्धित निकायमा पत्राचार गरी लेखी आए वमोजि गर्दा हुने नै थियो । अत : स्थानीय तहका सबै कर्मचारीहरुको तलवी प्रतिवेदन कोष तथा लेखा नियन्त्रक कार्यालय वाट हुने व्यवस्था भएको र आ.व.०७७।०७८को कार्यालयका कर्मचारीहरुको तलवी प्रतिवेदन पारित गर्ने व्यवस्थाका लागी कर्मचारी प्रशासन शाखालाई लेखी पठाएकोले तलवी प्रतिवेदन पारीत भए पछी पारीत प्रतिवेदनका आधारमा अधिल्लो वर्षको ग्रेड रकम समायोजन गरी घटी खाएकाको हकमा थप गर्ने र वढी खाएकाको हकमा तलव वाट कटी गरी सम्वन्धित राजस्व खातामा दाखिला गरीने व्यहोरा आर्थिक प्रशासन शाखा प्रमुखको हैशियतले राय पेश गरेको व्यहोरा अनुरोध छ । साथै आर्थिक प्रशासन शाखा प्रमुखको हैशियत वाट जुन सुकै कार्यालयमा खटी जांदा सदा सर्वदा आर्थिक अनुशासन कायम गर्ने गरी काम गर्दै आएको कारण नेपाल सरकार वाट पुरस्कार समेत प्राप्त गरेको छु,यस मेचीनगर पालिकामा खटी आए देखीनै आर्थिक शुसाशन कायम गराउने दिशामा थप सहयोग गरेको कारण प्रतेक वर्ष नगरपालिकाको कायम हुने वेरुजु कम हुदै गएको र आर्थिक वर्ष २०७५।०७६को म.ले.प.हुदा म.ले.प.को प्रकाशित ५७ औ प्रतिवेदन २०७७ मा लेखापरिक्षण भएका देश भरीका सबै स्थानिय तह भन्दा मेचीनगरपालिकाको सवै भन्दा कम वेरुजु भएको अवस्था छ,आर्थिक प्रशासन शाखा प्रमुख स्वयं शुसासित भई काम गर्नुपर्ने भई कार्यालयमा कार्यालय समय अधि पछि तथा विदाको दिन समेतमा आई कार्यालयको काम गर्दा अन्य कर्मचारीहरुले लिइ रहेका सुविधा समेत मैले हाल सम्म लिएको छैन तसर्थ आर्थिक प्रशासन शाखा प्रमुख को हैशियतले कसैलाई जानि जानी वढी भुक्तानी दिने तथा लिने कार्य म वाट हुदैन र हुने छैन भनि निवेदन समेत गर्दछु ।

निवेदक

मिति २०७७।४।२७

पदम वहादुर कार्की

लेखाअधिकृत

...नगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दर्ता नं. ९९१
दर्ता मिति २०७७।४।२८

ले.अ. श्री राजनकुमार भेटुवाल ज्यु
आलेप शाखा

तलवी प्रतिवेदन तयार गर्ने क्रममा हेरी नियमानुसार पेश गर्नु

२०७७।४।२८

# मेचीनगर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, ईटाभट्टा
झापा जिल्ला, प्रदेश नं. १, नेपाल

**Mechinagar Municipality**

Office of the Municipal Executive, Itabhatta Jhapa District,
Province No. 1, Nepal

प. सं. : २०७७/०७८ (क. प्र. शाखा) अत्यन्त जरुरी

च. नं. : २८८ मिति: २०७७।०४।२६

विषय : **समायोजन भएका सबै स्थायी कर्मचारीहरुको ग्रेड भुक्तानीको बारेमा स्पष्ट विवरण पेश हुन ताकेता गरिएको ।**

**श्री पदमबहादुर कार्की, अधिकृतस्तर, आठौ तह (लेखा)**
**आर्थिक प्रशासन शाखा प्रमुखज्यू, मेचीनगर नगर कार्यपालिकाको कार्यालय, झापा ।**

प्रस्तुत विषयमा कर्मचारी समायोजन ऐन, २०७५ को दफा ७ अनुसार यस नगरपालिकाको कार्यालयमा नेपाल सरकारको विभिन्न मितिको निर्णयबाट समायोजन भई यस कार्यालयमा कार्यरत कर्मचारीहरुको यस कार्यालयबाट भुक्तानी भइरहेको तलब वृद्धि (ग्रेड) सम्बन्धमा ऐनको ऐ. दफाको उपदफा (४) मा उल्लिखित तालिका अनुसार **समायोजन हुँदा कायम हुने ग्रेड** महलमा पाउने व्यवस्था नभएको तहमा समायोजन भएको कर्मचारीहरुको भुक्तानी भइरहेको ग्रेड उपदफा (५), (६), (७) र (८) मा भएको व्यवस्थाअनुसार तथा नेपाल सरकार, अर्थ मन्त्रालय, बजेट तथा कार्यक्रम महाशाखाको च. नं. ११, मिति २०७६।०४।१९ को पत्रानुसार भुक्तानी भइरहेको नदेखिएकोले यस कार्यालयमा सरकारी सेवाबाट समायोजन हुनुभएका सबै कर्मचारीहरुको हाल भुक्तानी भइरहेको ग्रेड कानुनसम्मत छ भन्ने उल्लिखित बाहेक अन्य कुनै कानुनी आधारहरु भए सोसहित पत्र प्राप्त भएको मितिले ७ (सात) दिनभित्र कार्यालयमा अनिवार्यरुपमा मनासिव राय तथा प्रतिक्रिया पेश गर्नुहुन र भुक्तानी हुन नमिल्ने ग्रेड रकम भुलबस भुक्तानी भएको देखिएमा हालसम्म भुक्तानी भएको फरक ग्रेड रकमको व्यहोरा पछिसम्म फरक नपर्ने गरी नगरपालिकाको सञ्चित कोष खाताअन्तर्गतको खर्च खाताबाट भुक्तानी पाउने सम्बन्धित कर्मचारीहरुबाट असुलउपर गरी नगरपालिकाको सञ्चित कोष खातामा र वित्तीय हस्तान्तरण अन्तर्गत सशर्त अनुदानबाट तलबभत्ता भुक्तानी लिने कर्मचारीको हकमा सङ्घीय सञ्चित खातामा भुक्तानी हुनुपर्ने र भुक्तानी भएको बीचको फरक रकम एकिन गरी अविलम्ब दाखिला हुने व्यवस्था मिलाउनुहुन, साथै अन्य सेवाबाट समायोजन भई यस कार्यालयबाट तलब भत्ता भुक्तानी लिइरहेका सबै स्थायी कर्मचारीहरुको समेत पछिल्लोपटक नेपाल सरकारबाट ग्रेड समायोजन भएअनुसार भुक्तानी भए नभएको एकिन गरी तलबभत्ता भुक्तानी कार्य नियमसंगत भएको सुनिश्चित हुने गरी उच्च प्राथमिकता दिई आवश्यक व्यवस्था मिलाउनुहुन, अन्यथा प्रचलित कानुनअनुसार कार्यवाही हुने व्यहोरा समेत यसै पत्रमार्फत् जानकारी गराइएको र २०७७ साल साउन १ गतेदेखिको तलब भत्ता भुक्तानी गर्ने सन्दर्भमा सरोकारवाला निकाय तथा पदाधिकारीसँग समन्वय गरी तलबी प्रतिवेदन पारित भएपछि मात्र भुक्तानी हुने गरी आवश्यक व्यवस्था मिलाउनुहुन भनि यस कार्यालयको च. नं. ५०११, मिति २०७७।०३।२८ को पत्रबाट तपाईंलाई आर्थिक प्रशासन प्रमुखको रुपमा जिम्मेवार कर्मचारी भएको हैसियतले पत्र लेखिएकोमा आजसम्म उल्लिखित व्यहोराको सम्बन्धमा कुनै मौखिक तथा लिखित राय प्रतिक्रिया पेश नगरी अटेर गरिरहनु भएको र आर्थिक प्रशासन शाखा प्रमुख जस्तो महत्वपूर्ण जिम्मेवारीमा रहनुभएको तपाईंले समायोजन भएको तपाईं स्वयम् समेतका कर्मचारीलाई प्रचलित कानुनले लिन खान पाउने स्पष्ट कानुनी व्यवस्था नभएको ग्रेड भुक्तानीको लागि कार्यालय प्रमुखलाई समेत गुमराहमा पारी पेश गरी झुक्याई भुक्तानी गरी अटेर गर्नुभएको देखिएको हुँदा तपाईंलाई पुन: उल्लिखित सम्बन्धमा आफ्नो राय साथ ३ दिन भित्र उल्लिखित अनुसार हुन, गर्न ताकेता गरिएको छ । सो समेत अटेर गर्नुभएमा प्रचलित कानुनअनुसार आवश्यक कारवाहीका लागि सम्बन्धित निकायमा लेखी पठाइने व्यहोरा समेत यसै पत्रमार्फत् जानकारी गराइएको छ ।

..........................
( महेन्द्रकुमार खाम्याहाङ्ग )
**प्रमुख प्रशासकीय अधिकृत**

**बोधार्थ**

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
आ. प्र. शाखा, सिंहदरबार, काठमाडौं : पत्रको सम्बन्धमा आवश्यक निर्देशन पाउन अनुरोध छ ।
श्री महालेखा नियन्त्रक कार्यालय, अनामनगर, काठमाडौं : आवश्यक ध्यानाकर्षणको लागि अनुरोध छ ।
श्री कोष तथा लेखा नियन्त्रकको कार्यालय, झापा ।
श्रीमान् प्रमुखज्यू, मेचीनगर नगर कार्यपालिका, झापा ।
श्रीमान् उपप्रमुखज्यू, मेचीनगर नगर कार्यपालिका, झापा ।
श्री सबै शाखाहरु, मेचीनगर नगर कार्यपालिकाको कार्यालय, झापा : शाखाअन्तर्गतका कर्मचारीहरुले यस खालको रकम भुक्तानी लिए खाएको भए आर्थिक प्रशासन शाखामा सम्पर्क गरी फछ्र्यौट हुने व्यवस्था हुन ।
श्री आ. प्र. शाखा, मेचीनगर नगर कार्यपालिकाको कार्यालय, झापा ।

# मेचीनगर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, ईटाभट्टा

झापा जिल्ला, प्रदेश नं. १, नेपाल

**Mechinagar Municipality**

Office of the Municipal Executive, Itabhatta Jhapa District, Province No. 1, Nepal

मेचीनगर नगरपालिका कार्यपालिकाको कार्यालय ईटाभट्टा, झापा १ नं. प्रदेश, नेपाल

प. सं. : २०७६/०७७ (क.प्र. शाखा)

अत्यन्त जरुरी

च. नं. : ४०११

मिति: २०७७।०३।२८

विषय : **समायोजन भएका सबै स्थायी कर्मचारीहरुको ग्रेड भुक्तानी सम्बन्धमा ।**

श्री आर्थिक प्रशासन शाखा प्रमुखज्यू
मेचीनगर नगर कार्यपालिकाको कार्यालय, झापा ।

प्रस्तुत विषयमा कर्मचारी समायोजन ऐन, २०७५ को दफा ७ अनुसार यस नगरपालिकाको कार्यालयमा नेपाल सरकारको विभिन्न मितिको निर्णयबाट समायोजन भएका कर्मचारीहरुको यस कार्यालयबाट भुक्तानी भइरहेको तलब बृद्धि (ग्रेड) सम्बन्धमा ऐनको ऐ. दफाको उपदफा (४) मा उल्लिखित तालिका अनुसार **समायोजन हुँदा कायम हुने ग्रेड** महलमा पाउने व्यवस्था नभएको तहमा समायोजन भएको कर्मचारीहरुको भुक्तानी भइरहेको ग्रेड उपदफा (५), (६), (७) र (८) मा भएको व्यवस्थाअनुसार तथा नेपाल सरकार, अर्थ मन्त्रालय, बजेट तथा कार्यक्रम महाशाखाको च. नं. ११, मिति २०७६।०४।१९ को पत्रानुसार भुक्तानी भइरहेको नदेखिएकोले यस कार्यालयमा सरकारी सेवाबाट समायोजन हुनुभएका सबै कर्मचारीहरुको हाल भुक्तानी भइरहेको ग्रेड कानुनसम्मत छ भन्ने कानुनी आधारहरुसहित पत्र प्राप्त भएको मितिले ७ (सात) दिनभित्र कार्यालयमा अनिवार्यरुपमा मनासिव राय तथा प्रतिक्रिया पेश गर्नुहुन र भुक्तानी हुन नमिल्ने ग्रेड रकम भुलबस भुक्तानी भएको देखिएमा हालसम्म भुक्तानी भएको फरक ग्रेड रकमको व्यहोरा पछिसम्म फरक नपर्ने गरी नगरपालिकाको सञ्चित कोष खाताअन्तर्गतको खर्च खाताबाट भुक्तानी पाउने सम्बन्धित कर्मचारीहरुबाट असुलउपर गरी नगरपालिकाको सञ्चित कोष खातामा र वित्तीय हस्तान्तरण अन्तर्गत सशर्त अनुदानबाट तलबभत्ता भुक्तानी लिने कर्मचारीको हकमा सङ्घीय सञ्चित खातामा भुक्तानी हुनुपर्ने र भुक्तानी भएको वीचको फरक रकम एकिन गरी अविलम्ब दाखिला हुने व्यवस्था मिलाउनुहुन, साथै अन्य सेवाबाट समायोजन भई यस कार्यालयबाट तलब भत्ता भुक्तानी लिइरहेका सबै स्थायी कर्मचारीहरुको समेत पछिल्लोपटक नेपाल सरकारबाट ग्रेड समायोजन भएअनुसार भुक्तानी भए नभएको समेत एकिन गरी तलबभत्ता भुक्तानी कार्य नियमसंगत भएको सुनिश्चित हुने गरी उच्च प्राथमिकता दिई आवश्यक व्यवस्था मिलाउनुहुन, अन्यथा प्रचलित कानुनअनुसार कार्यवाही हुने व्यहोरा समेत यसै पत्रमार्फत् जानकारी गराइएको व्यहोरा अनुरोध छ । साथै २०७७ साल साउन १ गतेदेखिको तलब भत्ता भुक्तानी गर्ने सन्दर्भमा सरोकारवाला निकाय तथा पदाधिकारीसँग समन्वय गरी तलबी प्रतिवेदन पारित भएपछि मात्र भुक्तानी हुने गरी आवश्यक व्यवस्था मिलाउनुहुन समेत यसै पत्रमार्फत् जानकारी गराएको छु ।

..................................
( महेन्द्रकुमार खाम्याहाङ्ग )
**प्रमुख प्रशासकीय अधिकृत**

**बोधार्थ**

श्री कोष तथा लेखा नियन्त्रकको कार्यालय, झापा ।
श्रीमान् प्रमुखज्यू, मेचीनगर नगर कार्यपालिका, झापा ।
श्रीमान् उपप्रमुखज्यू, मेचीनगर नगर कार्यपालिका, झापा ।
श्री सबै शाखाहरु, मेचीनगर नगर कार्यपालिकाको कार्यालय, झापा : शाखाअन्तर्गतका कर्मचारीहरुले यस खालको रकम भुक्तानी लिए खाएको भए आर्थिक प्रशासन शाखामा सम्पर्क गरी फछ्र्यौट हुने व्यवस्था हुन ।
श्री आ. प्र. शाखा, मेचीनगर नगर कार्यपालिकाको कार्यालय, झापा ।

# नगरकार्यपालिकाको कार्यालय

इटाबह्रा झापा

१ नं. प्रदेश नेपाल

२०७७ साल आषाढ महिनाको तलब भुक्तानी भर्पाई

| क्र.सं. | नाम थर | पद | तलब स्केल | ग्रेड | जम्मा तलब | संचय कोष थप | महंगी भत्ता | बिमा थप | पोषक | छुट ग्रेड | जम्मा | स.सं.कोष कट्टी | क.स.कोष सापटी कट्टी | जिवन बिमा | ना.ल.कोष | जम्मा कट्टी | जम्मा पाउने | सा.सु.कट्टी | कोष राहत दाखिला कट्टी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | महेन्द्रकुमार खाम्याहाङ | प्र.प्र.अ | ४०३८० | ६७३० | ४७११० | ४७११०० | २००० | ४०० | ० | ० | ५४२२११०० | ९४२२१०० | ५००० | ८०० | ९४२२.०० | २४६४४१०० | २९५७७१०० | २९५७७ | ०१०० |
| २ | सोमनाथ भण्डारी | अ.दशौं | ५३६९६ | ९४७४ | ६३१७० | ६३१७०० | २००० | ४०० | ० | ० | ७१८८७०० | १२६३४१०० | ०१०० | ८०० | ६०००.०० | ११९४३४१०० | ५२४५३०० | ५२४५३ | ०१०० |
| ३ | पदम बहादुर कार्की | ले.अ. | ४०३८० | ८०७६ | ४८४५६ | ४८४५६० | २००० | ४०० | ० | ० | ५५७०१६० | ९६९११२० | ०१०० | ८०० | ५०००.०० | १५४९११२० | ४०२९०१४० | ४०२९० | ०१०० |
| ४ | ईश्वर कुमार भट्टराई | क.अ | ३५९९० | ५४०० | ४१३९० | ४१३९१०० | २००० | ४०० | ० | ० | ४७९२९१०० | ८२७८१०० | ०१०० | ८०० | १०००.०० | १००७८१०० | ३७८२११०० | ३७८२१ | ०१०० |
| ५ | रोहित आचार्य | ना.सु | २८२०० | ३७६० | ३१९६० | ३१९६१०० | २००० | ४०० | ० | ० | ३७५५६१०० | ६३६२१०० | ०१०० | ८०० | ०.०० | ७११२१०० | ३०३६४१०० | ३०३६४ | ०१०० |
| ६ | चित्रकला राई | चौंथो | २६६१० | ५३२२ | ३१९३२ | ३१९३२० | २००० | ४०० | ० | ० | ३७५२५१२० | ६३८६१४० | ०१०० | ८०० | २०००.०० | ११८६१४० | २८३३८८० | २८३३९ | ०१०० |
| ७ | सीता अधिकारी | पाचौं | २८२०० | ५६४० | ३३८४० | ३३८४१०० * | २००० | ४०० | ० | ० | ३९६२४१०० | ६७६८१०० | ०१०० | ८०० | ५०००.०० | १२५६८१०० | २७०५६१०० | २७०५६ | ०१०० |
| ८ | | | ० | ० | ० | ०१०० | ० | ० | ० | ० | ०१०० | ०१०० | ०१०० | ० | ०.०० | ०१०० | ०१०० | ०१०० | ०१०० |
| ९ | कविता पौडेल | प्रा.स | २८२०० | ४७०० | ३२९०० | ३२९०१०० | २००० | ४०० | ० | ० | ३८५९०१०० | ६५८०१०० | ०१०० | ८०० | ०.०० | ७३८०१०० | ३१२९०१०० | ३१२९० | ०१०० |
| १० | राजेन्द्र प्याकुरेल | पाचौं | २८२०० | ५६४० | ३३८४० | ३३८४१०० | २००० | ४०० | ० | ० | ३९६२४१०० | ६७६८१०० | ०१०० | ८०० | ०.०० | ७५६८१०० | ३२०५६१०० | ३२०५६ | ०१०० |
| ११ | मोहन प्रसाद जोशी | प.से.प्रा. | ३६३९० | ६००० | ४२३९० | ४२३९१०० | २००० | ४०० | ० | ० | ४९०२९१०० | ८४७८१०० | ०१०० | ८०० | ०.०० | १२७८१०० | ३९३५११०० | ३९३५१ | ०१०० |
| १२ | | | ० | ० | ० | ०१०० | ० | ० | ० | ० | ०१०० | ०१०० | ०१०० | ० | ०.०० | ०१०० | ०१०० | ०१०० | ०१०० |
| १३ | रोहित प्रसाद लुइटेल | का.स. | २६५७० | ४४३० | ३१००० | ३१००१०० | २००० | ४०० | ० | ० | ३६५००१०० | ६२००१०० | ०१०० | ८०० | ०.०० | ३०००१०० | ३३५००१०० | ३३५१०० | ०१०० |
| १४ | हरि प्रसाद गौतम | का.स. | २६५७० | ४४३० | ३१००० | ३१००१०० | २००० | ४०० | ० | ० | ३६५००१०० | ६२००१०० | ०१०० | ८०० | ०.०० | ३०००१०० | ३३५००१०० | ३३५१०० | ०१०० |
| १५ | राघवेन्द्र लाल कर्ण | का.स. | २६५७० | ४४३० | ३१००० | ३१००१०० | २००० | ४०० | ० | ० | ३६५००१०० | ६२००१०० | ०१०० | ८०० | | ३०००१०० | ३३५००१०० | ३३५१०० | ०१०० |
| | जम्मा | | ४२५९५५ | ७४०३२ | ४९९९८८ | ४९९९८.८० | २५००० | ५२०० | ० | ० | ५८११८६१८० | ९९९९७६० | ५००० | १०४०० | २८४२३१०० | १४३८९१६० | ४३७४६७२० | ४३७४६७ | ०१०० |

हाम भण्डारीको बैंकको छुट पोषक ग्रेड थप भएको ।

तयार गर्ने

पेश गर्ने

प्रमाणित गर्ने